# सैनामैना नगरपालिका
# नगरपालिकाको कार्यालय
## बुद्धनगर, रुपन्देही

## औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**ठेक्का नं. SQ/PH/01/074/075**

**प्रथम पटक प्रकाशित मिति : २०७४।१२।१३**

यस सैनामैना नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई निःशुल्क स्वास्थ्य सेवा कार्यकम अर्न्तगत निःशुल्क औषधी वितरणको लागि आवश्यक पर्ने औषधीहरु आ.ब २०७४/०७५ को स्वीकृत वार्षिक कार्यकम अनुसार सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत पत्र प्राप्त इच्छुक सप्लायर्स, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**शर्तहरु**

१. दरभाउपत्र प्रथम पटक सूचना प्रकासित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र रु.१०००।- (अक्षरुपी एक हजार) मात्र पछि फिर्ता नहुने गरि यस कार्यालयमा बुझाएको नगदी रसिद निबेदन साथ संलग्न राखि दरभाउपत्र खरिद गर्न सकिने छ। साथै दरभाउपत्र www.bolpatra.gov.np/ppmo बाट समेत बुझाउन सकिने छ र दरभाउपत्र खरिद दस्तुर यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक पर्रोहा शाखाको संचित खाता नं. ०४१४२०११४९२१००१३ ग-४-१ मा जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद साथ पेश गर्नुपर्ने छ

२. दरभाउपत्र साथ निवेदकले आ.ब २०७४/०७५ को लागि नविकरण गरेको कम्पनी दर्ता प्रमाणपत्र र फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यबसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र र आ.ब. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र लगायतका आवश्यक कागजातको प्रमाणीत प्रतिलिपीहरु संलग्न राखि दरभाउपत्र मिति २०७४/१२/२८ गते दिनको १२:०० बजे सम्म दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्र सोही दिन दिनको २:०० बजे खोलिने छ।

३. सिलबन्दी दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट सोही समयमा हुनेछ।

४. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत बापत बोलकवोल रकमको ३ (तीन) प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक, पर्रोहा शाखाको धरौटी खाता नं. **०४१४२०११४९२४४०१५** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५. दरभाउपत्र दाताले प्रत्येक औषधीको मूल्य अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ। सबै औषधी (आईटम) को दररेट अंक र अक्षरमा उल्लेख गरेको नपाइएमा दरभाउपत्र फारमलाई मान्यता दिईने छैन।

६. आफुले आपूर्ति (सप्लाई) गर्ने औषधीहरुको आधिकारीक पत्र (Authority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र विदेशी कम्पनीको हकमा National SupPliers बाट लिई पेश गर्नुपर्ने छ।

७. दरभाउपत्र फारममा खरिद गरिने प्रत्येक औषधी (आईटमवाइज) को उत्पादक कम्पनीको नाम अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ। यसरी उत्पादन गर्ने कम्पनीको नाम उल्लेख नगरी पेश हुन आएका दरभाउपत्र मान्य हुने छैन।

८. स्वीकृत दरभाउपत्र दाताले मूल्य अंकित औषधीमा बढी दररेट राख्न पाउने छैन। स्वीकृत दरभाउपत्र अनुसारको सामान एकमुष्ट खरिद गरिने छ। साथै सप्लाई गरिने औषधीको म्याद कार्यालयमा दाखिला गर्ने मितिमा कम्तीमा १८ महिनाको Expiry Date बाकी भएको हुनुपर्ने छ। औषधीको म्याद १८ महिना भन्दा कम हुने औषधीको हकमा Expiry Date को ७५ प्रतिशत म्याद बाकी हुदा दाखिला गर्न सकिने छ।

९. आपूर्ती हुने सम्पूर्ण औषधीहरु WHO GMP Certified Company बाट उत्पादित भएको हुनुपर्ने छ। उक्त कम्पनीहरुको WHO/ GMP सर्टिफिकेट अनिवार्य रुपमा दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

१०. आपूर्ती हुने औषधीको प्रत्येक प्याकीङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नं तथा Supply for Ministry of Health and Population, Nepal वा नेपाल सरकार बाट निःशुल्क वितरणको लागि भन्ने स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ।

११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानून अनुसार हुनेछ।

१२. सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीको लागि यसै कार्यालयमा सम्पर्क राख्न हुन जानकारी गराईन्छ।

| सि. नं | ठेक्का नं | कामको विवरण | आपूर्ति गर्ने स्थान | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | *SQ/PH/01/2074-075* | निःशुल्क वितरणको लागि आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरिद | सैनामैना नगरपालिका | कबोल अंकको तीन प्रतिशत | १०००।०० |